नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
# केन्द्रिय आयोजना कार्यान्वयन इकाई
# जिल्ला आयोजना कार्यान्वयन इकाई
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)
**सिन्धुली**

मिति : २०७५/६/१८

प.स. : ०७५/७६
च.नं. : ३४५

**विषय : निर्णय कार्यान्वयनका लागि पत्रहरु पठाइएको सम्बन्धमा ।**

श्री कमलामाई/दुधौली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिन्धुली ।
श्री फिक्कल/हरिहरपुरगढी/मरिन/गोलन्जोर/सुनकोशी/घ्याङलेख/ तीनपाटन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुली ।

उपर्युक्त विषयमा केन्द्रिय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) ज्वागल, ललितपुर र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, गुनासो व्यवस्थापन तथा समन्वय शाखा सिंहदरबार, काठमाण्डौंको तपसिल बमोजिमका पत्रहरु कार्यान्वयनका लागि पठाईएको ब्यहोरा अनुरोध छ ।

१) केन्द्रिय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) को च.नं. २०५ मिति २०७५/६/१५ को *"निर्णय कार्यान्वयन सम्बन्धमा"* विषय भएको सरकारी भवनहरुको नक्सा पास सम्बन्धी दस्तुर मिनहा हुन र नक्सा पास गर्ने अवधि १५ दिनमा छोट्याउन सम्बन्धी पत्र - १ पाना

२) केन्द्रिय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) को च.नं. १९८ मिति २०७५/६/१५ को *"निर्देशक समितिको निर्णय कार्यान्वयन सम्बन्धमा"* विषय भएको निजी घरधनीहरुले अनुदानको किस्ता लिई सक्नु पर्ने समय सीमा सम्बन्धी पत्र - २ पाना

३) राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, गुनासो व्यवस्थापन तथा समन्वय शाखाको च.नं. ७२ मिति २०७५/६/१२ को *"निर्णय कार्यान्वयन गर्ने बारे"* विषय भएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको १११ औं बैठकबाट स्वीकृत निर्णय नं. १ अनुसारको कार्यान्वयन तथा Reason महलमा Legal उल्लेखित लाभग्राहीको सम्बन्धित स्थानीय तहले सम्झौता गर्नु अघि पुनः जाँचबुझ (स्थलगत तथा प्रमाण कागजातको) गर्ने सम्बन्धी पत्र- १ पाना

........................
(श्याम सुन्दर मिश्र)
आयोजना प्रमुख

बोधार्थ :
१. श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, गुनासो व्यवस्थापन तथा समन्वय शाखा सिंहदरबार, काठमाण्डौं ।
२. श्री केन्द्रिय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) ज्वागल, ललितपुर ।

नेपाल सरकार

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

# केन्द्रीय आयोजना कार्यान्वयन इकाई

# (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)

ज्वागल, ललितपुर

मिति: २०७५/६/१५

प.सं. २०७५/०७६

च.नं. २०४

श्री जिल्ला आयोजना कार्यान्वयन इकाई ,
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार), भूकम्प प्रभावित ३१ जिल्लाका सबै ।
श्री महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका/गाउँ कार्यपालिकाको कार्यालय,
भूकम्प प्रभावित ३१ जिल्लाका सबै ।

**विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कर्मचारी प्रशासन शाखाको प.सं. २०७४/०७५, च.नं. ३९९, मिति २०७५।५।१० को पत्रानुसार प्रमुख कार्यकारी अधिकृतज्यूको अध्यक्षतामा बसेको पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको ११० औं बैठकको निर्णयको निर्णय नं. ११ को निर्णयानुसार "सरकारी भवनहरुको नक्सा पास दस्तुर मिनाहा हुन र नक्सा पास गर्ने अवधि १५ दिनमा छोट्याउनको लागि स्थानीय तहमा लेखी पठाउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने" प्रस्ताव स्वीकृत भए बमोजिम निर्णय कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

पुनश्च : राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको पत्र र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यकारी समितिको ११० औं बैठकको निर्णय नं. ११ को निर्णय समेतको छायाँप्रति (पाना-२) यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

..............................

(हरि प्रसाद शर्मा)

आयोजना उप-निर्देशक

**बोधार्थ :**
श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
केन्द्रीय आयोजना कार्यान्वयन इकाई
**अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार**
ज्वागल, ललितपुर

मिति : २०७५/०६/१५

प.सं.: ०७५/०७६
च.सं.: १९८

श्री जिल्ला आयोजना कार्यान्वयन इकाई
अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार
सबै जिल्ला ।

**विषय : निर्देशक समितिको निर्णय कार्यान्वयन सम्बन्धमा ।**

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण निर्देशक समितको मिति २०७५/०५/२१ मा सम्पन्न १३औं बैठकको निर्णय नं. ३ अनुसार 'निजी घरधनी लाभग्राहीहरुले अनुदानको किस्ता लिइसक्नुपर्ने समयसिमा' कार्यान्वयनका लागि यसै पत्र साथ संलग्न गरि पठाएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

.............................
भुवनेश्वर लामिछाने
शाखा अधिकृत

बोधार्थ :
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
सिंहदरबार, काठमाडौं ।

०१-५२६०९८८, ०१-५२६०१००, ०१-५२६०५६५, Web Site: www.mofald-clpiu.gov.np, Email: eeapdolidar@gmail.com

## निजी घरधनी लाभग्राहीले अनुदानको किस्ता लिइसक्नुपर्ने समयसीमा

| क्र.सं. | बिषय | समयावधि |
|---|---|---|
| क. | पहिलो किस्ता प्राप्त गरिसकेका लाभग्राही | |
| १. | २०७५ असार मसान्तसम्म प्रथम किस्ता प्राप्त गर्ने निजी लाभग्राहीले दोस्रो किस्ता लिइ सक्ने । | २०७५ पौष मसान्तभित्र |
| २. | २०७५ पौष मसान्तसम्म दोस्रो किस्ता प्राप्त गर्ने लाभग्राहीले तेस्रो किस्ता लिई सक्ने | २०७६ वैशाख मसान्तसम्म |
| ख. | पहिलो किस्ता समेत प्राप्त गर्न बाँकी लाभग्राही | |
| १. | पहिचान भएका सबै लाभग्राहीहरुसँग अनुदान सम्झौता सम्पन्न गरी प्रथम किस्ता प्राप्त गर्ने । | २०७५ कार्तिक मसान्तभित्र |
| २. | २०७५ कार्तिक मसान्तसम्म पहिलो किस्ता प्राप्त गर्ने लाभग्राहीले दोस्रो किस्ता लिइ सक्ने । | २०७५ माघ मसान्तभित्र |
| ३. | २०७५ माघ मसान्तभित्र दोस्रो किस्ता प्राप्त गर्ने लाभग्राहीले तेस्रो किस्ता लिइ सक्ने । | २०७६ जेठ मसान्तभित्र |
| ग. | गुनासो सुनुवाईबाट आएका र पुनःसर्भेक्षण, जोखिम (Vulnerable) वर्ग, परम्परागत वस्ती, एवं वस्ती स्थानान्तरणबाट आउने लाभग्राहीहरुका लागि उल्लेखित अनुदान किस्ता प्राप्त गर्ने समयावधि कार्यकारी समितिले निर्धारण गरे बमोजिम हुनेछ । | |

नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

(गुनासो व्यवस्थापन तथा समन्वय शाखा)
सिंहदरबार, काठमाडौं ।

फोन : ०१-४२११९०३

पत्र संख्या: २०७५।७६| प्रि. 6
च.नं .: 62

मितिः- २०७५/०६/१२

**श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई,**
**(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)**
**ज्वागल, ललितपुर**

विषयः निर्णय कार्यान्वयन गर्ने बारे।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, कार्यकारी समितिको मिति २०७५।०५।२९ गते बसेको १११ औं बैठकको निर्णयको प्रतिलिपि संलग्न छ । उक्त बैठकको निर्णय नं.१ तथा सोको तालिका १ (जस अन्तर्गत MIS बाट स्वीकृत लाभग्राही सूचीको सफ्ट कपि समेत पठाईएको) कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ । साथै लाभग्राही सूचीको Reason मा Legal उल्लेखित लाभग्राहीहरुको सम्वन्धित स्थानीय तहले सम्झौता गर्नु अघि पुनः जाँचबुझ (स्थलगत तथा प्रमाण कागजातको) गर्ने गराउने व्यवस्था मिलाउनु हुन समेत निर्देशानुसार अनुरोध छ ।

(नोटः लाभग्राहीसँग सम्झौता गर्दा कार्यकारी समितिको १०३औं बैठकको निर्णय नं२(४)का निर्देशनहरु बमोजिम गर्नु गराउनु हुन समेत अनुरोध छ ।)

**(लालबहादुर बस्नेत)**
शाखा अधिकृत

**बोधार्थः**
श्री जिल्ला आयोजना कार्यान्वयन इकाई,
(अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार)
काठमाडौं/भक्तपुर/रसुवा/ लितपुर/नुवाकोट/धादिङ/सिन्धुली/ओखलढुंगा/मकवानपुर/रामेछाप/काभ्रेपलाञ्चोक/
सिन्धुपाल्चोक/दोलखा/गोरखा
श्री सूचना व्यवस्थापन शाखा
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण